कर्णाली प्रदेशसभा नियमावली, २०७९ को नियम ११७ को उपनियम (२) बमोजिम

## विधेयकमा संशोधन प्रस्तावको विवरण

विधेयकको नामः **कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान (स्थापना र सञ्चालन) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

(दर्ताको क्रमानुसार संशोधन प्रस्तावकर्ताको क्रम निर्धारण गरिएको)

| क्र.सं. | मा. सदस्यको नाम |
|---|---|
| १. | मा० कल्याणी खड्का |
| २. | मा० जीवन बहादुर शाही, मा० विजया बुढा र मा० इन्द्रा कुमारी शाही |
| ३. | मा० यामलाल कडेल, मा, दक्षिणा शाही, मा० टेकराज पछाई, मा० गोमता वि.क., मा० जित बहादुर मल्ल र मा० कल बहादुर हमाल |

### दफाक्रमानुसार मिलाइएका संशोधन प्रस्तावहरू

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | संशोधनको व्यहोरा | संशोधनको कारण/कैफिय |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | | |
| १. | मा० जीवन बहादुर शाही, मा० विजया बुढा र मा० इन्द्रा कुमारी शाही | प्रस्तावना | | | मूल विधेयकको प्रस्तावनामा रहेको "सरकारी निकाय" भन्ने शब्दपछि देहायबमोजिम राख्ने।<br>"सामुदायिक संस्था एवम् सामाजिक संघ संस्था", र............। | प्रदेश सरकारको एकिकृत तालि भएकोले प्रदेशभित्रका सम्पूर्ण स संघ-संस्थाको क्षमता विकास गर्नु दायित्व भित्र पर्ने। |
| २. | मा० यामलाल कडेल, मा, दक्षिणा शाही, मा० टेकराज पछाई, मा० गोमता वि.क., मा० जित बहादुर मल्ल, मा० | प्रस्तावना | | | "प्रदेश र स्थानीय तहका निर्वाचित मनोनित वा नियुक्त पदाधिकारी" भन्ने शब्दहरू हटाउने | प्रशिक्षण प्रतिष्ठानको मूल उद्देश्यस नखाने |

सभामुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कल बहादुर हमाल | | | | | |
| ३. | मा० कल्याणी खड्का | १ | | | "२०७९" भन्ने अङ्कहरुलाई "२०८०" भन्ने अङ्कहरू बनाउनु पर्ने | मिति परिवर्तन भएको हुनाले |
| ४. | मा० कल्याणी खड्का | २ | | (छ)<br>(ज) | "वा प्रदेश सरकारको" भन्ने शब्दहरूको सट्टा "प्रदेश सरकार वा स्थानीय तहको" भन्ने शब्दहरू राख्नु पर्ने | स्थानीय तहलाई पनि समावेश गर्नु पर्ने भएकाले |
| ५. | मा० जीवन बहादुर शाही, मा० विजया बुढा र मा० इन्द्रा कुमारी शाही | २ | | | मूल विधेयकको परिभाषा शिर्षकमा देहायबमोजिमको खण्ड राख्ने।<br>"ञ-सामुदायिक संस्था एवम् सामाजिक संघ संस्था" भन्नाले नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहमा दर्तावाल कानुनी मान्यताप्राप्त गैर सरकारी संघ सस्था वा सामाजिक एवम् सहकारी संस्था सम्झनु पर्छ"। | स्पष्टतः व्याख्या एवम् परिभाषा गर्नु पर्ने भएकोले। |
| ६. | मा० जीवन बहादुर शाही, मा० विजया बुढा र मा० इन्द्रा कुमारी शाही | ३ | १ | | मूल विधेयकको दफा ३ उपदफा १ मा "सरकारी निकाय" भन्ने शब्दपछि देहायबमोजिम राख्ने।<br>"सामुदायिक संस्था एवम् सामाजिक संघ संस्था" र.............। | तर्जुमागत रुपमा मिलाइएको। |
| ७. | मा० यामलाल कडेल, मा, दक्षिणा शाही, मा० टेकराज पछाई, मा० गोमता वि.क., मा० जित बहादुर मल्ल, मा० कल बहादुर हमाल | दफा ५ | | | प्रतिष्ठानको काम, कर्तव्य र अधिकार अन्तर्गत खण्ड (च) र (ज) हटाउने | उपयुक्त नदेखिएको |
| ८. | मा० जीवन बहादुर शाही, मा० विजया बुढा र मा० | ६ | १ | | मूल विधेयकको उपदफा १ मा देहायको खण्डहरु राख्ने । | परिषद् जस्तो कार्यकारी समितिमा छाता संस्थाको प्रतिनिधित्व बढी सान्धर्भिक हुने |

सभामुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | इन्द्रा कुमारी शाही | | | | “खण्ड (च)-जिल्ला समन्वय समिति महासंघको प्रदेश समिति प्रमुख” ।<br>“खण्ड (छ)-नेपाल नगरपालिका संघको प्रदेश समिति अध्यक्ष” ।<br>“खण्ड (ज)-गाउँपालिका राष्ट्रिय महासंघको प्रदेश समिति अध्यक्ष” ।<br>“खण्ड झ-प्रतिष्ठान रहने स्थानीय तहको प्रमुख वा अध्यक्ष” । | र स्थानीयतहको सहभागिता सुनिश्चित हुने। |
| ९. | मा० कल्याणी खड्का | दफा ६ | १ | (ङ) | झिक्नु पर्ने | परिभाषाको आकार सानो र चुस्त दुरुस्त बनाउने |
| १०. | मा० यामलाल कडेल, मा, दक्षिणा शाही, मा० टेकराज पछाई, मा० गोमता वि.क., मा० जित बहादुर मल्ल, मा० कल बहादुर हमाल | दफा ६ | १ | (ङ) | खण्ड (ङ) र (च) हटाई उक्त स्थानमा "अवैतनिक विज्ञहरूबाट २ जना" भन्ने थप्नुपर्ने | परिषद्को आकार ठूलो हुने देखिएकोले |
| ११. | मा० कल्याणी खड्का | दफा ६ | १ | (च) | "प्रमुख वा अध्यक्षहरू" भन्ने शब्दको सट्टा "प्रमुख अध्यक्ष, उपप्रमुख वा उपाध्यक्षहरू भन्ने शब्दहरू राखी यसैको एक जना" भन्ने शब्दको सट्टा कम्तिमा "एक जना" भन्ने शब्दहरू राख्नु पर्ने | उपप्रमुख र उपाध्यक्ष पनि परिषद्मा मनोनित हुन सक्ने अवस्था सिर्जना गर्ने साथै दुबै जना महिला हुन सक्ने बाटो खुला गर्ने |
| १२. | मा० जीवन बहादुर शाही, मा० विजया बुढा र मा० इन्द्रा कुमारी शाही | दफा ६ | १ | (च) | मूल विधेयकमा रहेको देहायको खण्ड झिक्ने।<br>**“खण्ड च”** । | परिषद्मा स्थानीयतहको छाता एवम् प्रतिनिधिमूलक संस्थाको प्रतिनिधित्वलाई सुनिश्चित गरिएको। |
| १३. | मा० जीवन बहादुर शाही, मा० विजया बुढा र मा० इन्द्रा कुमारी शाही | ६ | १ | छ र ज | मूल विधेयकमा रहेको खण्ड “छ” र “ज” लाई देहायबमोजिम राख्ने<br>**“खण्ड- “ञ” र “ट”** ।र, | तर्जुमागत क्रम मिलाइएको र परिषद्मा महिलाको सहभागिता सुनिश्चित हुने। |

सभामुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | मूल विधेयकको खण्ड छ को “जना” भन्ने शब्दपछि देहायबमोजिम राख्ने।<br>“महिला” ............। | |
| १४. | मा० जीवन बहादुर शाही, मा० विजया बुढा र मा० इन्द्रा कुमारी शाही | ७ | १ | | मूल विधेयकमा रहेको “एकपटक” भन्ने शब्दको सट्टा देहायबमोजिम राख्ने।<br>“दुई पटक” । | प्रतिष्ठानका दिर्घकालीन योजना स्वीकृत, नियम वा विनियम तयार, प्रशिक्षण र अनुसन्धान सम्बन्धी नीतिको तर्जुमा गर्ने सर्वोच्च निकाय भएकोले। |
| १५. | मा० जीवन बहादुर शाही, मा० विजया बुढा र मा० इन्द्रा कुमारी शाही | ७ | | | मूल विधेयकको दफामा देहायबमोजिमको उपदफा थप गर्ने वा राख्ने।<br>“उपदफा ६-परिषद्ले आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञलाई परिषद्को बैठकमा आमन्त्रण गर्न सक्नेछ” । | परिषद् बैठकमा प्रतिष्ठानबाट सञ्चालन हुने तालिमको पाठ्यक्रम, प्रशिक्षण सामाग्रीलगायत विषयवस्तुमाथि गहिरो छलफल गर्नु पर्ने भएकोले। |
| १६. | मा० कल्याणी खड्का | दफा ८ | | (ख) | "वा विनियम" भन्ने शब्दहरू झिक्नु पर्ने | कानूनको दफा ३५ ले गर्न सक्ने भएकाले |
| १७. | मा० जीवन बहादुर शाही, मा० विजया बुढा र मा० इन्द्रा कुमारी शाही | ८ | | च | मूल विधेयकको देहायअनुसारको खण्ड झिक्ने।<br>“खण्ड च” | प्रशिक्षण कार्यक्रमको पाठ्यक्रमलगायतका विषय कार्यकारी समितिबाट स्वीकृत हुने भएकोले। |
| १८. | मा० कल्याणी खड्का | दफा ९ | १ | (ख) | "सबै मन्त्रालय" भन्ने शब्दको सट्टा "प्रदेश सरकार" भन्ने शब्द राख्न पर्ने | कार्यकारी समितिको संख्या घटाउन आवश्यक भएकाले |
| १९. | मा० यामलाल कडेल, मा, दक्षिणा शाही, मा० टेकराज पछाई, मा० गोमता वि.क., मा० जित बहादुर मल्ल, मा० कल बहादुर हमाल | दफा ९ | १ | (ख) | "कम्तिमा नवौं तहको अधिकृत प्रतिनिधि सबै मन्त्रालय" हटाई उक्त स्थानमा "सामान्य प्रशासनसम्बन्धी कार्य गर्ने मन्त्रालयको नवौं तहको कर्मचारी प्रतिनिधि भन्ने थप्नुपर्ने। | कार्यकारी समितिको आकार घटाउन |
| २०. | मा० जीवन बहादुर शाही, मा० विजया बुढा र मा० | ९ | १ | ङ | मूल विधेयकको दफा ९ खण्ड ङ मा भएको व्यवस्था “एकजना” भन्ने शब्द पछि | समितिमा रहने सदस्यहरुको पदनामबमोजिम सदस्य-सचिवको योग्यता |

सभामुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | इन्द्रा कुमारी शाही | | | | देहायबमोजिम राख्ने।<br>"नवौं तहको" ............... । | र पदनाम मिलाईएको। |
| २१. | मा० जीवन बहादुर शाही, मा० विजया बुढा र मा० इन्द्रा कुमारी शाही | ९ | २ | | मूल विधेयकको दफा ९(२) मा रहेको "अनुसार" भन्ने शब्द पछि देहायबमोजिमको उपदफा राख्ने।<br>"एक महिलासहित बढीमा तीन जना" ............. । | लैंगिक तथा सामाजिक समावेशिकरण नीति बमोजिम नीति निर्माणतहमा महिला सहभागिता सुनिश्चित हुने। |
| २२. | मा० जीवन बहादुर शाही, मा० विजया बुढा र मा० इन्द्रा कुमारी शाही | ११ | १ | ङ | मूल विधेयको उपदफा ११ मा रहेको "तयार गरी स्वीकृतिको लागि परिषद्समक्ष पेश गर्ने" भन्ने वाक्यको सट्टा देहायबमोजिम राख्ने।<br>"स्वीकृत गर्ने" । | पाठ्यक्रम विकास समितिको सिफारिसमा कार्यकारी समितिले स्वीकृत गर्ने। |
| २३. | मा० जीवन बहादुर शाही, मा० विजया बुढा र मा० इन्द्रा कुमारी शाही | १२ | १ | | मूल विधेयकको उपदफा १ मा रहेको "गराउनेछ" भन्ने शब्दपछि देहायबमोजिम राख्ने।<br>"प्रतिष्ठानमा खटाईने कर्मचारीहरु विषयगत तालिम सम्वन्धी अनुभव भएका हुनु पर्ने छ र पदस्थापन भएको कम्तिमा दुई बर्ष पछि मात्र कर्मचारीको सरुवा हुनेछ" । | प्रतिष्ठानको कार्ययोजना तथा प्रशिक्षण कार्यक्रमलाई बढी फलदायी एवम् प्रभावकारी बनाउन। |
| २४. | मा० जीवन बहादुर शाही, मा० विजया बुढा र मा० इन्द्रा कुमारी शाही | १२ | ३ | | मूल विधेयकको १२(३) मा "हुनेछ" भन्ने शब्द पछि देहायबमोजिम राख्ने।<br>"प्रतिष्ठानलाई विस्तारै स्वःनिर्भर बनाएर कर्मचारीसहित विषय विज्ञको कानूनबमोजिमको सेवा र सुविधा प्रतिष्ठानको आन्तरिक स्रोतबाट व्यवस्थापन | प्रदेश सरकारलाई आर्थिक दायित्वमा कमी हुने। |

सभामुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | गरिने छ। | |
| २५. | मा० जीवन बहादुर शाही, मा० विजया बुढा र मा० इन्द्रा कुमारी शाही | १३ | ७ | | मूल विधेयकको उपदफा ७ मा रहेको **"कार्यकारी निर्देशकको रुपमा"** भन्ने शब्द पछि देहायबमोजिम राख्ने।<br>**"बढीमा छ महिनासम्मको लागि ......"** । | ६ महिनाको अवधि सरकारी नीति अनुकूल हुने र कार्यकारी निर्देशक पदमा लामो अवधीसम्म कामकाजमा कर्मचारी खटाउदा कानुनसम्वत् नहुने |
| २६. | मा० जीवन बहादुर शाही, मा० विजया बुढा र मा० इन्द्रा कुमारी शाही | १३ | | | मूल विधेयकमा देहायबमोजिम दफा र उपदफा थप गर्ने वा राख्ने।<br>"१३.क- पाठ्यक्रम विकास समिति<br>१३.क.१.कार्यकारी समितिले पाठ्यक्रम विकास समितिको गठन गर्न सक्नेछ" र गठित समितिले प्रशिक्षण कार्यक्रमको प्रशिक्षण ढाँचा तयार गरी स्वीकृतिको लागि कार्यकारी समितिसमक्ष पेश गर्नेछ"। | तालिम प्रशिक्षणको पाठ्यक्रम तर्जुमा गर्नको लागि समिति आवश्यक पर्ने। |
| २७. | मा० कल्याणी खड्का | १३ | ९ | | "पाँच" भन्ने शब्दको सट्टा "४ (चार)" भन्ने शब्द राख्नु पर्ने। साथै पुनः एक पटक नियुक्त हुन सक्ने व्यवस्था राख्नु पर्ने। | क्षमताको कदर र प्रोत्साहन गर्न आवश्यक भएकाले |
| २८. | मा० जीवन बहादुर शाही, मा० विजया बुढा र मा० इन्द्रा कुमारी शाही | १४ | १ | ख | मूल विधेयकको दफा १४ को खण्ड ख मा रहेको **"पैतालिस"** भन्ने शब्दहरुको सट्टा देहायबमोजिम राख्ने।<br>**"चालिस"** | कार्यकारी निर्देशक पदका लागि शैक्षिक योग्यता र कार्य अनुभवसंगै परिपक्वता आवश्यक पर्ने। |
| २९. | मा० यामलाल कडेल, मा, दक्षिणा शाही, मा० टेकराज पछाई, मा० गोमता वि.क., मा० जित बहादुर मल्ल, मा० | दफा १४ | | (ख) | "कम्तिमा ४५ वर्ष" भन्ने हटाई "कम्तिमा ३५ वर्ष" भन्ने राख्नुपर्ने | क्षमतावान युवा पुस्तालाई पनि स्थान दिनुपर्ने। |

सभामुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कल बहादुर हमाल | | | | | |
| ३०. | मा० जीवन बहादुर शाही, मा० विजया बुढा र मा० इन्द्रा कुमारी शाही | १४ | १ | ग | **"अध्यापन"** भन्ने शब्द पछि देहायबमोजिम राख्ने।<br>**"वा प्रशासन, विकास, वित्त, व्यवस्थापन र प्राज्ञिक एवम्" ...........।** | कार्यकारी निर्देशक प्रतिष्ठानको मुख्य जिम्मेवार पद भएकोले सबै क्षेत्रमा कार्य अनुभवप्राप्त व्यक्तिलाई प्रतिस्पर्धात्मक अवसर दिदा दक्ष र योग्य व्यक्ति छनोट हुने। |
| ३१. | मा० यामलाल कडेल, मा, दक्षिणा शाही, मा० टेकराज पछाई, मा० गोमता वि.क., मा० जित बहादुर मल्ल, मा० कल बहादुर हमाल | दफा १४ | | (ग) | "विद्यावारिधी गरी ५ वर्षको अनुभव प्राप्त" थप्नुपर्ने | विद्यावारिधी गरेको जनशक्तिलाई समेट्न |
| ३२. | मा० यामलाल कडेल, मा, दक्षिणा शाही, मा० टेकराज पछाई, मा० गोमता वि.क., मा० जित बहादुर मल्ल, मा० कल बहादुर हमाल | दफा १५ | | (क)<br>(ख) | खण्ड (क) लाई खण्ड (ख) मा राख्ने<br>खण्ड (ख) लाई खण्ड (क) मा राख्ने | प्राथमिकीकरण सहजता |
| ३३. | मा० जीवन बहादुर शाही, मा० विजया बुढा र मा० इन्द्रा कुमारी शाही | २२ | २ | | मूल विधेयको उपदफा २२ को **"परिषद्"** भन्ने शब्दको सट्टा देहायबमोजिम राख्ने।<br>**"पाठ्यक्रम विकास समितिमार्फत कार्यकारी समिति"** । | प्रशिक्षण कार्यक्रमको पाठ्यक्रमलगायतका विषय कार्यकारी समितिबाट स्वीकृत हुने भएकोले। |

क्र. सं. १ देखि ३३ सम्मका संशोधन प्रस्तावहरू छलफलका लागि स्वीकृत ।

२०७८।११।१८ गते

..........................................

(नन्दा गुरुङ्ग)

सभामुख,

कर्णाली प्रदेशसभा, कर्णाली प्रदेश

सभामुख

प्रदेश सभा कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत